# १३औं नगरसभाको बैठकबाट तपसिल बमोजिमको निर्णयहरु गरियो ।

## मिति २०७९/०९/२९

१. कार्यपालिकाबाट सिफारिस भइ आएको विनियोजन ऐन २०७९ लाई संशोधन गर्न बनेको विधेयक २०७९ लाई सर्वसम्मत स्वीकृत गर्ने ।

२. कार्यपालिका बैठकबाट सिफारिस भइ आएको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

३. यस आ.व. २०७९/०८० मा संघ तथा प्रदेशबाट विनियोजित योजनाहरु कुनै कारणबाट ठेक्का व्यवस्थापन गर्न नसकिने भएमा त्यस्ता प्रकृतिका योजनाहरु उपभोक्ता समितिबाट पनि गर्न सकिने गरी नगर कार्यपालिकालाई निर्देशन दिने ।

४. यस नगर कार्यपालिका, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा कार्यरत करारका कर्मचारीहरुको म्याद २०७९ पौष मसान्त सम्म रहेको हुँदा प्रमुख प्रशासकीय अधिकृतले कार्य सम्पादन मूल्याँकन गरी सन्तोषजनक काम गरेको पाइएमा संगठन संरचना भित्र भएका कर्मचारीको ठाउँमा सरुवा तथा पदस्थापना भइ अन्य कर्मचारी पदपूर्ति भएमा स्वतः अवकास हुने गरी २०८० असार मसान्त सम्म म्याद थप गर्ने ।

५. हाल सम्म नगर कार्यपालिका बैठकले गरेका निर्णय, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र वडाबाट भएका निर्णयहरु तथा २०७९ मंसिर मसान्त सम्म भएको आम्दानी खर्च समेत अनुमोदन गर्ने ।

६. भवन आचार संहिता २०७८ को दफा ५१ को उपदफा ४ मा भएको व्यवस्थालाई अवधी थप गरि अन्तिम पटकको लागि घर जग्गा नियमित गर्ने म्याद २०८० असार मसान्त सम्म कायम गर्ने साथै दफा ५१ को उपदफा ५ थप गरि पुराना घर नक्सा अभिलेखिकरण गर्न सकिने व्यहोरा थप गर्ने ।

७. कानूनी सल्लाहकारलाई हाल सम्म प्रदान गरिएको रकम कम भएको हुदाँ निजको परिश्रमिकमा वृद्धि गरि वार्षिक रु. २,१६,०००/– (दुई लाख सोह्र हजार मात्र) पुऱ्याउने तथा उच्च अदालत जानु पर्दा खाजा खर्च तथा सर्वोच्च अदालत जानु पर्दा अधिकृत स्तरको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने ।

८. विगतका वर्षहरु देखि नै यस नगरपालिकाका प्राविधिक कर्मचारी (पूर्वाधार तथा भवन शाखाहरुलाई इन्धनको सट्टामा मासिक रकम सुविधा दिंदै आएकोमा इन्धनको मुल्यमा आएको वृद्धि संगै निजहरुले पाएको सुविधामा पनि २०७९ माघ देखि रु. १०००/– मासिक सुविधा थप गर्ने ।

९. रोजगार संयोजकको पदपूर्ति गर्नको लागि शिक्षा समन्वय इकाइका प्रमुख स्थानेश्वर घिमिरेको संयोजकत्वमा शिक्षा शाखा प्रमुख विषय विज्ञ तथा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहेको पदपूर्ति समिति गठन गर्ने तथा अन्य पदको विज्ञापनको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा शिक्षा शाखा प्रमुख सदस्य तथा प्रशासन शाखा प्रमुख सदस्य सचिव रहेको पदपूर्ति समिति गठन गरि त्यस्तो समितिमा विषय विज्ञ तथा अन्य व्यक्तिहरुलाई अमन्त्रित गर्न सक्ने र सो वापतको बैठक भत्ता नियमानुसार भुक्तानी गर्ने ।

१०. संघीय सरकारको भू–उपयोग नियमावली २०७९ लाई कार्यान्वयन गर्ने प्रयोजनार्थ तयार गरिएको भू–उपयोग कार्यान्वयन कार्यविधि, २०७९ लाई स्वीकृत गर्ने ।

११. कपिलवस्तु नगरपालिकाको आ.व. २०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता स्वा–मुल्याँकन गर्दा विभिन्न १० वटा विषय क्षेत्रमा प्राप्त नतिजालाई नगरकार्यपालिकाको मिति २०७९/०९/२७ को निर्णयबाट सार्वजनिक गरिएकोमा उक्त निर्णयलाई अनुमोदन गर्ने ।